# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.

च. नं.

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० जेठ २६ गते

## दलित बस्तीमा भएको आक्रमणबारे निष्पक्ष छानबिन गर

रौतहट जिल्ला पिपरिया दोस्तिया-८ भिङ्डवार गाउँको दलित बस्तीमा कथित उपल्लो जातका मानिसबाट स्थानीय भगवती मन्दिरमा पूजाआजा गर्न गएका दलित समुदायका मानिसहरूमाथि गरिएको आक्रमण र त्यसबाट उत्पन्न परिस्थितिप्रति आयोगको ध्यानाकर्षण भएको छ ।

नेपाल छुवाछुतमुक्त देश घोषणा भइसकेको र नेपालको अन्तरिम संविधान, २०६३ एवम् 'जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय ऐन) २०६८' ले कसैमाथि पनि जातीय विभेद गर्न नपाइने र कसैले त्यसो गरेकोमा कैद सजायसमेत हुने कानुनी व्यवस्था छ । यति हुँदाहुँदै पनि समय-समयमा दलित व्यक्ति र समुदायमाथि हुने दुर्व्यवहार र आक्रमण निन्दनीय पक्ष हुन् ।

दलित समुदायमाथि भएको सो आक्रमणबारे आयोगले प्रमुख जिल्ला अधिकारी, स्थनीय सुरक्षा निकाय र नागरिक समाजका सदस्यहरूसँग जानकारी लिएको छ । यसबारे अनुगमन गर्न आयोगको केन्द्रीय तथा क्षेत्रीय कार्यालयका अधिकृतहरू सम्मिलित टोली त्यसतर्फ खटाइसकिएको छ ।

घटनाका सम्बन्धमा निष्पक्ष छानबिन कार्य अघि बढाउन आयोग सरकारसँग आग्रह गर्दछ ।

घटनाबाट पीडित व्यक्ति तथा परिवारजनलाई राहत, घाइतेको निःशुल्क उपचार र विस्थापितको पुनः स्थापना गर्न आयोग सरकारसँग आग्रह गर्दछ । यसैगरी, आक्रमणकारीहरूलाई कानुनको दायरामा ल्याई सत्य-तथ्यको आधारमा पीडितलाई न्याय र पीडकलाई कारवाही गर्न, शान्ति सुव्यवस्था मिलाउन र सामाजिक सदभाव कायम राख्न पनि आयोग सबै सरोकारवाला पक्षहरूसँग आग्रह गर्दछ ।

(वेदप्रसाद भट्टराई)
कामु सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org